# विनयी त्रिवेणी गाउँपालिकाको कृषक समूह (गठन तथा व्यवस्थापन) निर्देशिका, २०८२

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

घनश्याम गिरी
अध्यक्ष

# विनयी त्रिवेणी गाउँपालिकाको कृषक समूह (गठन तथा व्यवस्थापन) निर्देशिका, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति २०८२/१२/२४

**प्रस्तावनाः**

विनयी त्रिवेणी गाउँपालिकाको कृषक समूहहरुको समूचित प्रयोग गरी कृषिको समष्ठिगत विकासमा सकारात्मक प्रभावको लागि तत्काल सम्बोधन गर्न समय सापेक्ष वैधानिक मार्गदर्शनको आवश्यकता महशुस गरिएको छ । कृषक समूहहरुलाई प्रभावकारी एवंम् समन्वयात्मक रुपमा संचालन गर्न कृषि क्षेत्रमा संलग्न निकायहरुको काम कारवाहीलाई प्रक्रियागत रुपमा अझ बढी प्रभावकारी एवं समन्वयात्मक तवरले गर्न/गराउन बाञ्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा २ र विनयी त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि विनयी त्रिवेणी गाउँकार्यपालिकाले यो निर्देशिका वनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **निर्देशिकाको संक्षिप्त नाम र प्रारम्भ :-** क) यो निर्देशिकाको नाम "विनयी त्रिवेणी गाउँपालिकाको कृषक समूह (गठन तथा व्यवस्थापन) निर्देशिका २०८२" रहेको छ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

ग) यो निर्देशिका विनयी त्रिवेणी गाउँपालिका अन्तर्गतका कार्यक्रम संचालन गर्दा लागु गर्न सकिने छ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको विनयी त्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

ख) "कृषक" भन्नाले विनयी त्रिवेणी गाउँपालिका भित्रका कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएका व्यक्तिलाई जनाउँदछ ।

ग) "वडा" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको वडा सम्झनु पर्छ ।

घ) "स्थानीय तह" भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनु पर्छ ।

ङ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाईएको संगठनले कृषक समूह जनाउँदछ ।

च) "समूह विधान" भन्नाले समूहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति नियम तथा कानुनको दस्तावेज जसले समूह र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ ।

घनश्याम गिरी
अध्यक्ष

छ) "हितकोष" भन्नाले कुनैपनि संघ-संस्था, कार्यालय, योजना तथा परियोजना सञ्चालन गर्न नगद, जिन्सी तथा भौतिक सरसामान, नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुँजीले हितकोष जनाउँदछ ।

ज) "हितकोष परिचालन " भन्नाले संकलित हितकोषलाई उत्पादनमूलक कार्यमा लगानी गर्नु भन्ने बुझिन्छ ।

झ) "समूह सशक्तिकरण" भन्नाले कृषक समूह उद्देश्य अनुरुप अघि बढ्न प्रयासरत रहने वा अशक्त अवस्थामा रहेका समूहलाई केहि सहयोग गरि सशक्त बनाउने कार्यलाई नै समूह सशक्तिकरण भनिन्छ ।

ञ) "कार्य समिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

ट) "साधारण सभा" भन्नाले यस निर्देशिका बमोजिम गठित सभालाई जनाउने छ ।

ठ) "कृषि" भन्नाले वाली, बागवानी, पशुपन्छी तथा मत्स्य आदि कृषिका सबै उप-क्षेत्रसँग सम्वद्ध उत्पादन, उद्योग एवंम् व्यवसायहरु समेत जनाउँछ ।

ड) "लेखा" भन्नाले प्रचलित कानुन, ऐन, नियम, नीति, कार्यक्रम तथा निर्णय, आदेश तथा मापदण्ड समेतलाई आधार मानी कारोबारको यथार्थ विवरण देखिने गरी राखिने अभिलेख वा खाता भन्ने बुझिन्छ । लेखापरीक्षण ऐन, २०४८ अनुसार कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँदछ ।

## परिच्छेद - २
## उद्देश्य

३. उद्देश्यः कृषक समूह गठन तथा सञ्चालनमा सघाउ पुर्याउनका लागि यस निर्देशिकाको तपसिल बमोजिमका उद्देश्यहरु हुनेछन् ।

क) प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरु आवद्ध समूहहरुको समन्वय, व्यवस्थापन र नियमन गर्नको लागि सहयोग पुर्याउने ।

ख) कृषि प्रसार व्यवस्थापन, संचालन र नियमन सम्बन्धी कार्यमा सहयोग पुर्याउने ।

ग) कृषक समूहको गठन र संचालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने।

घ) हितकोष व्यवस्थापन तथा परिचालन गर्न स्पष्ट निर्देशन दिने ।

ङ) कृषक समूह गठन तथा परिचालन कार्यमा संलग्न निकाय र व्यक्तिको भूमिका र जिम्मेवारी तोक्ने ।

च) कृषक समूह व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन प्रणालीलाई विकास गर्ने ।

४. निर्देशिकाको प्रयोग गर्नुपर्ने अवस्थाः यस निर्देशिकाको प्रयोग देहायका अवस्थामा हुनेछ ।

क) कृषि क्षेत्रमा संलग्न निकायहरुको कामकारबाहीलाई प्रक्रियागत रुपमा प्रभावकारी एवं समन्वयात्मक तवरले गरि सुशासन लागु गर्नुपर्ने अवस्थामा ।

ख) सरकारी तथा गैर-सरकारी निकायहरुवाट कृषि सम्बन्धी कार्यक्रम गर्नको लागि समूह गठन तथा व्यवस्थापन गर्नुपर्ने अवस्थामा ।

ग) समूहको योजना तर्जुमा गर्नुपर्ने अवस्थामा

घ) समूह हितकोष संकलन तथा परिचालन गर्नुपर्ने अवस्थामा

घनश्याम गिरी
अध्यक्ष

ङ) समूहमा लेखा व्यवस्थापन गर्नुपर्ने अवस्थामा

च) समूहमा मतभेद व्यवस्थापन गर्नुपर्ने अवस्थामा

छ) विभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेवारी तोक्नुपर्ने अवस्थामा

## परिच्छेद - ३
## समूह गठन र वर्गीकरण

**५. समूह गठनका आधारहरु, सदस्यहरुको छनौट र समूहको वर्गीकरण:**
विनयी त्रिवेणी गाउँपालिकाको कृषि विकास शांखाले समूह गठन गर्दा देहायका बुँदामा ध्यान दिनु जरुरी देखिन्छ ।

क) कृषकहरुको आवश्यकता र स्थानविशेषको कृषि उत्पादनको सम्भाव्यता

ख) सेवा पुर्याउनुपर्ने घरधुरी संख्या र कृषक संख्या

ग) कृषकहरुको आर्थिक, सामाजिक स्थिति र श्रोतसाधनको अवस्था

घ) कृषक समूहमा विभिन्न वर्गका कृषकहरुको प्रतिनिधित्वको सुनिश्चितता (समावेशीकरण)

ङ) समूहमा आवद्ध गराउन वास्तविक कृषकहरुको सुनिश्चितता र छनौट

**६. कृषक समूह गठनका लागि सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने:** समूह गठनका लागि सदस्यहरु चयन गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउनु जरुरी देखिन्छ ।

क) साझा कार्य उद्देश्य लिएका ।

ख) समान सामाजिक एवं आर्थिक स्तर भएका ।

ग) सकभर साक्षर एवं शिक्षित कृषकहरु भएका र शैक्षिक स्तरमा समानता भएका ।

घ) समूहगत कार्यमा समय दिन सक्ने ।

ङ) उत्पादन समूहको हकमा सकेसम्म सँग-सँगै खेत भएका ।

च) एउटै समुदायमा बसोबास गर्ने ।

छ) एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्ने छैनन् ।

ज) कुनै एक समूहमा आवद्ध भई सकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन सक्ने छैनन् ।

झ) कृषि पेशालाई मूख्य पेशाको रुपमा अंगालेका हुनुपर्ने।

**७. समूहको वर्गीकरण:** समूहका सदस्यहरुको लैङ्गिक सहभागिता, समूहले निश्चित गरेको क्षेत्रगत आधार साथै मूल्य श्रृंखलाको आधारमा कृषक समूहलाई विभिन्न समूहहरुमा वर्गीकरण गर्न सकिन्छ ।

क) लैङ्गिक सहभागिताको आधारमा

१. महिला कृषक समूह

२. पुरुष कृषक समूह

३. मिश्रित कृषक समूह

ख) क्षेत्रगत आधारमा

१. वाली समूह

२. बागवानी समूह

३. वीज वृद्धि समूह

४. माहुरी पालन समूह

घनश्याम गिरी
अध्यक्ष

५. रेशम खेती समूह
६. कृषि बजार व्यवस्थापन समूह
७. आई.पि.एम. कृषक समूह
८. पशुपन्छी र मत्स्यपालन समुह, ईत्यादि

ग) मूल्य श्रृंखलाको आधारमा

१. उत्पादन समूह
२. कृषि सामाग्री उत्पादन समूह (विउ उत्पादक, प्रांगारीक मल उत्पादक आदि)
३. प्रशोधन समूह
४. बजारीकरण समूह, ईत्याद

## परिच्छेद - ४

### समूह गठन प्रक्रिया, कार्य समितिको संरचना र पदाधिकारीको जिम्मेवारी

८. समूह गठन प्रक्रिया : समूह गठन प्रकृया देहाय बमोजिम विधि अपनाई गर्नुपर्दछ ।

क) प्रारम्भिक कृषक भेला

१. इच्छुक कृषकहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने ।
२. सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने ।
३. कृषक भेलामा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने ।
४. कृषक भेला सचांलनका लागि कृषकहरुमध्ये एकजनाले जिम्मेवारी लिई नेतृत्व गर्ने ।
५. कृषक भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता) बारे जानकारी पार्ने ।

ख) छलफल सञ्चालन

१. कृषक भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता) विस्तृत रुपमा प्रष्ट पार्ने ।
२. कृषक भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने ।
३. समूह सदस्य बन्न इच्छुक व्यक्तिहरु छनौट गरी नामावली तयार गर्ने ।
४. उक्त भेलाले तदर्थ समिति गठन र कार्य विभाजन गर्ने ।

ग) तदर्थ समितिको बैठक संचालन

१. वैठकका विषय वस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने ।
२. सम्वन्धित निकायहरुलाई निमन्त्रणा गर्ने ।
३. आवश्यक कागजात तयारी गर्ने ।
४. समूहको विधानको खाका तयार पार्ने ।
५. समूह समूह हितकोष सम्वन्धि निर्णय गर्ने ।
६. समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।
७.सम्वन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने ।
८. तदर्थ समिति गठन भएको एक महिना भित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने ।

घनश्याम गिरी
अध्यक्ष

घ) प्रारम्भिक साधारणसभाको संचालन र जिम्मेवारी

१. सात सदस्यीय कार्य समितिको गठन गर्ने

२. समूहको वार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने

३. विधान मस्यौदा माथि छलफल एवं स्वीकृत गर्ने ।

४. बैंक खाता संचालन सम्बन्धि निर्णय गर्ने ।

५. आवश्यकता अनुसार निर्णयहरु गर्ने ।

९. कार्य समितिको संरचनाः कृषक समूहको कार्य समितिमा रहनेगरी समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको संरचना रहने छ ।

| | |
|---|---|
| अध्यक्ष - | एक जना |
| उपाध्यक्ष - | एक जना |
| सचिव - | एक जना |
| कोषध्यक्ष - | एक जना |
| सदस्य - | तिन जना |

मिश्रित कृषक समूहको हकमा कार्य समितिको पदाधिकारी अन्तर्गत अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ पदमा महिला अनिवार्य हुनुपर्ने छ । यस बाहेक समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्राविधिक उपसमिति, प्रचारप्रसार उपसमिति, तथा बजार व्यवंस्थापन उपसमिति जस्ता उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ। ऋण उपसमिति कोषाध्यक्षको संयोजकत्वमा गठन गर्नुपर्नेछ । मिश्रित समूहको हकमा कार्य समितिमा कम्तीमा ३५% महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ । समूह गठन एवम् हितकोष परिचालनको सन्दर्भमा प्रजातान्त्रिक पद्धती अवलम्बन गर्नुपर्नेछ ।

१०. पदाधिकारीको काम, कर्तव्य र अधिकारः कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार विधानको दफा ५ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## समूह विधान

११. समूह विधानः समूह विधान कुनै संघ-संस्थाको उद्देश्य प्रासिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति, नियम तथा कानुनको दस्तावेजको रुपमा रहन्छ र समूहका सदस्यहरुलाई उद्देश्य प्रासिमा सहज गराउने खालको हुनुपर्नेछ । कृषक समूहले अनुसूची - १ अनुसारको २ प्रति विधान वनाउनु पर्नेछ ।

क) कृषक समूह विधानमा हुनुपर्ने प्रमुख गुणहरु

१. नेपालको संविधान र कानुनसँग नबाझिने ।

२. राष्ट्रिय कृषि नीतिसँग मेल खाने ।

३. सफा, स्पष्ट ,एक आपसमा नबाझिने, सरल भाषा प्रयोग भएको ।

४. प्रजातान्त्रिक ढगंले चुनावी प्रक्रियाद्धारा पदाधिकारीहरुको निर्वाचन हुने प्रावधान राखिएको ।

५. विधान संशोधनको प्रावधान भएको ।

६. महिला सहभागीतालाई प्रोत्साहन गरिएको ।

घनश्याम गिरी
अध्यक्ष

७. कार्यकारीणी समिति, साधारणसभा तथा साधारण सदस्यहरु बिच शक्ति सन्तुलन भएको ।

ख) विधान बनाउने तरिका

१. उप - समितिले मस्यौदा तयार गर्ने ।

२. नमूना विधानको प्रयोग गरेर प्रत्येक दफा-उपदफामा छलफल गरी आफ्नो संस्थाको उद्देश्य अनुसार मस्यौदा विधान तयार गर्ने ।

३. मस्यौदा विधानलाई साधारणसभामा छलफल गरी पारित गर्ने ।

४. पारित विधानलाई सम्वन्धित संस्थामा दर्ता गराउन पहल गर्ने ।

ग) विधान संशोधनः विधान संशोधनको लागि अपनाउनु पर्ने केही चरणहरु तल प्रस्तुत गरिएको छ ।

१) विधान संशोधन उपसमिति गठन गर्ने ।

२) संशोधित विधानलाई कार्य समितिमा प्रस्तुत गरी पारित गर्ने ।

३) साधारणसभाको कम्तिमा निश्चित (विधानमा तोकिए बमोजिम) बहुमतद्वारा पारित गर्ने ।

४. संशोधित विधानलाई पहिले दर्ता गरिएको कार्यालयमा पेश गर्ने ।

५. सम्बन्धित कार्यालयले संशोधित विधानलाई स्वीकृत गरेपछि मात्र विधान संशोधन भएको मानिनेछ ।

## परिच्छेद - ६
## कृषक समूह दर्ता, पुनर्गठन तथा नविकरण

१२. कृषक समूह दर्ता गर्ने :- गाउँपालिकाको कृषि विकास शाखा/पशुपन्छी तथा मत्स्य विकास शाखामा कृषक समूह दर्ता गरिनेछ। यसको लागि कृषक समूहले समूह विवरण फाराम सहितको निवेदन फाराम अनुसूची-२ बमोजिम दर्ता निबेदन कागजात सहित कार्यालयले मागेको अन्य आवश्यक कागजात कृषि विकास शाखा/पशुपन्छी तथा मत्स्य विकास शाखामा पेश गर्नुपर्नेछ । साथै सो समूहलाई सम्बन्धित शाखाले कृषक समूह दर्ता प्रमाण-पत्र अनुसूची-३ दिनु पर्नेछ । यसरी दर्ता गरिएको कृषक समूहको अवधि १ वर्षको रहनेछ ।

१३. कृषक समूह पुर्नगठन गर्ने :- विधानमा उल्लेख भए बमोजिम कृषक समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ । साथै कृषक समूहको साधारणसभा वर्षको एकपटक भाद्र मसान्तसम्ममा गर्नुपर्ने हुन्छ । कृषक समूहले आफ्नो समूहको साधारणसभा/ पुर्नगठन गरी सम्बन्धित शाखालाई जानकारी दिनु पर्नेछ ।

१४. कृषक समूह नवीकरण गर्ने :- कृषक समूहले आफनो कृषक समूह दर्ता प्रमाण-पत्रको १ वर्ष अवधि पूरा भैसकेपछि नवीकरण गर्नु पर्नेछ । यसको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाण-पत्र सहितको अनुसुची ४ बमोजिमको निवेदन सम्बन्धित शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गरि नवीकरण गर्न सकिनेछ । एक वर्ष सम्म पनि नविकरण नगरेको खण्डमा समूहलाई निष्क्रिय भएको मानिनेछ र विनयी त्रिवेणी गाउँपालिकाको कुनै पनि कार्यक्रममा सहभागी गराइने छैन।

घनश्याम गिरी
अध्यक्ष

## परिच्छेद - ७

## समूह श्रोत/ हितकोष संकलन तथा परिचालन

१५. श्रोत / हितकोष परिचालन : समूहमा संकलन भएको रकम नजिकको बैंकमा खाता खोली जम्मा गर्नुपर्दछ र समूह अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सो खाताको सञ्चालन गर्नु पर्नेछ । समूहले गरेको कुल लगानीमध्ये कम्तीमा ५०% लगानी कृषि क्षेत्रमा गर्नुपर्नेछ । ऋण प्रवाह गर्दा लाग्ने ब्याजदर साधारणसभाले निर्धारण गर्नेछ। कुनै कृषक समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन।

## परिच्छेद - ८

## लेखा व्यवस्थापन

१६. लेखा व्यवस्थापनः समूह संचालनको निम्ति आर्थिक तथा व्यवसायिक कारोवारमा निम्नानुसारका मुख्य चारवटा खाता राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्न सकिने छ ।

क) सम्पति (नगद तथा जिन्सी) खाताः यस खातामा कृषक समूहहरुको स्वामित्वमा रहेको धनमाल, जायजेथा, सम्पति लगायत लगानी रकम, अरुबाट पाउनु पर्ने रकम आदि समावेश गरिएको हुन्छ । यसमा खास गरी समूहको नाममा रहेको नगद तथा बैंक मौज्दात, लगानी, ऋण दिएको रकम, अरुबाट पाउनु पर्ने हिसाब, मेशिन, फर्निचर, घर जग्गा, सवारी साधन आदि हिसाबहरु समावेश गरिएको हुन्छ । यसमा समूहको सम्पति वृद्धि हुदा डेबिट र घट्दा क्रेडिट हुन्छ ।

ख) सामान विक्री तथा आम्दानी खाताः यस खातामा कृषक समूहहरुको सरसामान र सेवा विक्रीवाट प्राप्त रकम लगायत लगानी तथा ऋणबाट प्राप्त ब्याज, आम्दानी, व्यापारी छुट सुविधा, संघ संस्थामा प्राप्त अनुदान, सदस्यता वा प्रवेश शुल्क, स्थिर सम्पति भाडामा दिए वापत प्राप्त रकम, हर्जना वापत प्राप्त रकम आदि आम्दानी समावेश गरिएको हुन्छ । यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया डेबिट हुन्छ ।

ग) सामान खरिद तथा खर्च खाताः यस खातामा कृषक समूहहरुले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय संचालन खर्चहरु तलव, भत्ता, मर्मत, घरभाडा, धारापानी, विजुली, ब्याज खर्च, ह्रासकट्टि रकम, बैठक भत्ता, विविध आदि खर्चहरु समावेश गरिएका हुन्छन् । यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया क्रेडिट हुन्छ ।

घ) दायित्व खाताः कृषक समूहहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाव रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पूंजि, बचत रकम, डिपोजिट रकम, धरौटी रकम, ऋण रकम, कसैलाई भुक्तानी दिनुपर्ने हिसाब लगायतका अन्य दायित्वहरु समावेश गरिएको हुन्छ । यस खातामा खर्च डेबिट हुन्छ भने आम्दानी क्रेडिट हुन्छ । यसमा खर्च (डेबिट), आम्दानी (क्रेडिट) र शेष (मौज्दात) गरी तीनवटै महलहरु रहेका हुन्छन् ।

घनश्याम गिरी
अध्यक्ष

सम्पति (नगद तथा जिन्सी) खाता, आम्दानी खाता, खर्च खाता र दायित्व खाता क्रमशः अनुसूची ८, ९, १० र ११ अनुसार बनाउन सकिनेछ । आवश्यकता अनुसार अन्य सहायक खाताहरु पनि प्रयोग गर्न सकिने छ ।...

## परिच्छेद - ९
## समूह सञ्चालन तथा परिचालन

१७. समूह सञ्चालन तथा परिचालनः

क) समूहको समस्या एवं आवश्यकताको पहिचान तथा प्राथमिकता : समूहका कतिपय समस्याहरु हुन सक्छन् र ती सबै कृषिसँग सम्वन्धित नहुन पनि सक्छन् । कृषिसँगै सम्वन्धित कतिपय समस्याहरु जसको समाधान आर्थिक विकास शाखा/ कृषि विकास शाखा/ इकाईको परिधि एवं क्षमता भन्दा वाहिर हुन सक्छन् त्यस किसिमका समस्यालाई उपलब्ध श्रोत, साधन, समूह सदस्यहरुको क्षमता एवं प्रविधिहरुको आधारमा तिनीहरुको प्राथमिकता तोकि सरल एवं कम खर्चिलो समाधान पहिले नै खोज्नु पर्नेछ ।

ख) समूह सञ्चालनको लागि नियमहरुको विकास :

आफ्नो उद्देश्यहरु पुरा गर्न हरेक समूहले आफ्ना नियमहरु बनाउनु पर्नेछ । अन्य नियमहरुको साथै आफ्ना पदाधिकारीहरुको चयन विधि र तिनको कार्य अवधि पनि तिनमा समावेश भएको हुनु पर्नेछ ।

ग) आयमूलक क्रियाकलापहरु :

सबै समूह सदस्यहरुले, व्यक्तिगत एवं समूहगत रुपमा समेत उनीहरुसँग उपलब्ध श्रोत र साधन अनुसार आफ्नो इच्छानुकूल एउटा वा त्यो भन्दा वढी आयमूलक क्रियाकलापको थालनी गर्नु पर्नेछ

घ) पुरस्कारको व्यवस्था : प्रत्येक वर्ष सहमतिका आधारमा छानिएको सवैभन्दा राम्रो काम गर्ने एक सदस्यलाई समावेशीका आधारमा आफ्नै श्रोत / हितकोषबाट पुरस्कार दिने व्यवस्था मिलाउन सकिने छ।

ङ) अविलम्ब सेवा तथा सहयोग पुर्याउने :

विभिन्न निकायहरुवाट सेवा तथा सहयोग माग गरेमा अविलम्ब सहयोग गर्ने र यसरी प्रदान गरिने सेवाहरु कृषक समूहको माध्यमबाट पुयाउँदा एक अर्कासँग नवाझिने हुनु पर्नेछ।

च) समूह सदस्यहरुको सिप तथा क्षमता विकास :

तालिम मार्फत समूह सदस्यहरुको आत्मविश्वास वढाउनुको साथै उनीहरुमा सिप तथा क्षमता विकास र इच्छाको अभिवृद्धि गर्ने भएकोले प्रभावकारी, कुशल एवं दिगो रुपमा समूहलाई गतिशिल वनाई समूहको उद्देश्य हासिल गर्न समूह सदस्य र पदाधिकारीहरुलाई सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी समयसापेक्ष र व्यवहारिक तालिमको लागि पहल गर्नु पर्नेछ। यदि सहकार्य गर्न नसकेमा कृषक समूहले स्वयम आफै व्यवस्थापन गर्नु पर्नेछ।

छ) सुपरिवेक्षण, अनुगमन र मूल्यांकन :

प्रत्येक वर्ष समूहले संचालन गरेको विभिन्न क्रियाकलापहरुको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्न एक ३ सदस्यीय उप-समिति बनाउन सकिनेछ ।

घनश्याम गिरी
अध्यक्ष

## परिच्छेद - १०

### समूहमा मतभेद व्यवस्थापन

१८. मतभेद व्यवस्थापनको प्रक्रिया : समूह परिचालनको सम्बन्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण सम्बन्धित वडा स्तरमा रहने कृषि प्राविधिकले गर्नेछ । यसरी वडामा गरिएको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा पुनरावेदन गर्न सक्नेछ । उक्त शाखाले गरेको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिम गठित तिन सदस्यीय मतभेद व्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

जन प्रतिनिधिको तर्फबाट उपाध्यक्ष संयोजक

कृषक प्रतिनिधिको तर्फबाट राष्ट्रिय कृषक समूह महासंघ प्रतिनिधि सदस्य एक जना

सम्वन्धित निकाय तर्फबाट कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख सदस्य एक जना

मतभेद निरुपणका सम्बन्धमा उक्त समितिको व्याख्या नै अन्तिम हुनेछ ।

## परिच्छेद - ११

### कृषक समूहमा योजना तर्जुमा र श्रोत साधनको विकास

१९. योजना तर्जुमा प्रकृयाः कृषक समूहले कृषि कार्यक्रमको योजना तर्जुमा प्रकृयालाई देहायका आधारमा आयोजना निर्माण गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

१. आयोजनाको नाम
२. पृष्ठभूमि : आयोजनाको आधारभूत तथ्यांक, संभावना, अवसर र चुनौती
३. आयोजनाको उद्देश्य
४. आयोजनाको प्रतिफल
५. आयोजना सञ्चालन गरिने क्षेत्र
६. आयोजनाको अवधि
७. आयोजनाको क्रियाकलापहरु
८. लाभान्वित परिवार संख्या प्रत्यक्ष तथा अप्रत्यक्ष, न्यून आय वर्ग, महिला, दलित, जनजाति आदि
९. आवश्यक कारक तत्वहरु
१०. आर्थिक सारांश
११. आयोजनाको किसिम, समूहको आफनै लगानी, साझेदारीमा संचालित
१२. आयोजना कार्यान्वयन व्यवस्थापन, अनुगमन, मूल्याङ्कन प्रकृया
१३. आयोजनाको दीगोपनाको लागि गरिने कार्यविवरण
१४. आयोजनाबाट हुने वातावरणीय प्रभाव

वार्षिक कार्य योजनाको नमूना ढाँचा अनुसूची-१२ मा उल्लेख गरिएको छ ।

घनश्याम गिरी
अध्यक्ष

२०. स्थानीय श्रोत, साधनको विकास र सञ्चालन : समूहको बाह्य निर्भरताका साथै उत्पादनको प्रति इकाई खर्च पनि घटाउनका लागि समूहले स्थानीय श्रोत, साधनको विकास र सञ्चालनमा उचित ध्यान दिनु पर्नेछ ।

## परिच्छेद - १२

## सरोकारवाला निकायको भूमिका एवं उत्तरदायित्व

२१. गाउँपालिकाको कृषि विकास / पशुपन्छी तथा मत्स्य विकास शाखाको काम कर्तव्य देहाय वमोजिम हुनेछ ।

१. समूहको कार्यक्रम तथा बजेटको आवश्यकताको आधारमा स्थानीय तहको कार्यक्रम र वजेट बनाउनु पर्नेछ। समूहको कार्यक्रम तथा बजेट कृषि प्राविधिक/अधिकृतले सिधै वा सम्वन्धित वडा कार्यालय मार्फत गाउँपालिकाको कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखामा मा पठाउनु पर्नेछ ।

२. कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखाले आफ्नो तथा वडा कार्यालय मातहत कार्य गर्ने सबै प्राविधिक कर्मचारीहरुको सम्पूर्ण कार्यको अद्यावधिक रेकर्ड राखुपर्नेछ। यो सूचीले कृषक समूहहरुलाई सघाउने सम्भावित सबै र कुनै खास समयमा वास्तविक रुपमा उपलब्ध हुने कर्मचारीहरुको पहिचान गराउँछ ।

३. कृषक समूहको हालको संख्या, तिनको विकासको विभिन्न तह (गठन हुन लागेको, सञ्चालित हुन लागेको तथा परिपक्व हुन लागेको) को कृषक समूह, वडा कार्यालयको रेकर्डवाट परिमार्जन गर्नु पर्नेछ ।

४. कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखाले विषय विशेषज्ञ सहितको टोली गठन गरि समूह बैठकमा भाग लिने, समूह सदस्यहरुको तालिम सञ्चालन गर्ने र समूह सदस्यहरुले सञ्चालन गरेको कार्यक्रमहरुको सुपरिवेक्षण एवं अनुगमन गर्ने कामको कार्यतालिका बनाउनु पर्दछ र सोही अनुसार परिचालन गर्ने गर्नु पर्नेछ ।

५. समूहका सदस्यहरुलाई समस्या पहिचान गर्न र तिनको समाधान गर्न सहयोग पुऱ्याउने तथा फिल्डमा कार्यरत कृषि प्रसार कार्यकर्ताहरुलाई समेत तालिम दिनु पर्नेछ ।

६. उत्पादन खर्च घटाउन र जग्गाको उत्पादकत्व बढाउनका लागि स्थानीय एवं बाह्य श्रोतहरुको कुशलतापूर्वक उपयोग गर्ने ज्ञान, सीप एवं तरिकाहरु फिल्डमा काम गर्ने कृषि प्रसार कार्यकर्ताले सिकाउनु पर्नेछ ।

२२. वडा कार्यालयः वडा कार्यालयको काम, कर्तव्य देहाय बमोजिम हुनेछ ।

१. वडा कार्यालयलमा कृषि क्षेत्र हेर्ने प्राविधिकले समूहको गठन, सञ्चालन र अन्ततः परिपक्व हुनुमा प्राविधिक सहयोग गर्नु पर्नेछ ।

२. वार्षिक कार्यतालिकामा आफनो कार्यक्षेत्रका कृषक समूहहरुको बैठकमा भाग लिने, कृषक समूहको निरीक्षण गर्ने तालिका पनि समावेश गरी कार्यालयमा राखु पर्छ र सोही अनुसार कार्य गर्नु पर्नेछ ।

घनश्याम गिरी
अध्यक्ष

३. आफ्नो कार्यक्षेत्रको विद्यमान कृषि अवस्थाको आधारभूत आँकडाहरु संकलन गर्नु पर्नेछ ।

४. कृषक समूहहरुलाई उनीहरुको समस्या पहिचान गर्न, आफ्नो क्षमता, चाहना र श्रोत अनुसार तिनको समाधान गर्न सघाउँदा पथप्रदर्शक तालिमकर्ता गति प्रदान गर्ने, समन्वयकर्ता तथा कार्यक्रम कार्यान्वयनको रुपमा काम गर्नु पर्नेछ ।

५. समूहको क्रियाकलाप र प्रगति अद्यावधिक अभिलेख एउटा फाराममा उल्लेख गरी राख्नु पर्नेछ ।

६. वडा कार्यालयले गाउँ कार्यपालिकाको कार्यालयसँग सम्पर्क राखि उत्तरदायी हुनु पर्नेछ ।

७. वडा कार्यालयले सम्भव भएसम्म श्रोत अनुभवहरुको एउटा पुस्तिका बनाउनु पर्नेछ। यी अभिलेख वा साधनहरुको संकलन एवं नविकरण भैरहनु पर्नेछ ।

८. कृषि प्रसार कार्यकर्ताहरुले समूह बैठकलाई सघाउन आफ्नो साप्ताहिक वा पाक्षिक वा मासिक कार्यतालिका तयार गर्नु पर्नेछ र वडा कार्यालयमा तथा आफ्नै प्रयोगको लागि राखु पर्नेछ र हरेक समूह बैठकमा भाग लिनु पर्नेछ ।

९. वडा कार्यालयमा रहने प्राविधिकले समूहमा कृषकहरुको समस्या पहिचान, प्राथमिकिकरण एवं समस्या समाधानका लागि विभिन्न तरिका अपनाउन सहयोग गर्नुपर्नेछ ।

१०. गतिशील समूहहरुलाई आफ्ना मौसमी एवं वार्षिक कार्यक्रम कार्यान्वय तालिका बनाउन उनीहरुले सहयोग गर्नु पर्नेछ । उनीहरुले समूहहरुलाई चाहिने कृषि सामग्रीहरु, ऋण र प्राविधिक सेवा तथा सहयोगको सूची तयार पार्न मद्दत गर्नु पर्नेछ ।

## परिच्छेद - १३

## सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन

**२३. सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन** : संघीय कृषि सँग सम्वन्धित मन्त्रालय, कृषि विभाग र ती मातहतका निकायहरु तथा प्रादेशिक कृषि मन्त्रालय, कृषि विभाग र ती मातहतका निकायहरुले कृषक समूहको सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन जुनसुकै समयमा गर्नेछ । आवश्यक तथ्यांकहरु मुख्यतया प्रतिवेदन फाराममा समावेश कृषक समूहहरुले प्रयोग गर्ने मासिक र वार्षिक प्रतिवेदन फारामहरु र समूह स्तरमा विश्लेषण वडास्तरमा प्रतिवेदन तयार गरी अन्तिम रुपमा सम्वन्धित गाउँपालिकाको कृषि विकास शाखालाई दिनु पर्नेछ ।

## परिच्छेद - १४

## विविध

**२४. सम्वन्ध र समन्वयः** कृषि विकासका कार्यक्रमहरुमा सरोकारवाला विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुवीच आपसी सम्वन्ध र समन्वय हुनु अति आवश्यक छ । तिनको स्थापना औपचारिक एवं अनौपचारिक, व्यक्तिगत तथा आधिकारिक रुपमा हुन सक्छ । जुनसुकै अवस्थामा पनि कृषि प्रसारका पदाधिकारीहरुले सबै स्तरमा (फिल्ड देखि केन्द्रसम्म) अन्य सम्वन्धित निकायहरुलाई कृषि विकासका

विभिन्न चरणहरुमा गतिशील एवं सकारात्मक सहयोग पुर्याउने [illegible] निर्णायक भूमिका खेल्नु पर्नेछ ।

१. कृषि विकासको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाको कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखा हेर्ने एवं यस अन्तर्गत कार्यरत पदाधिकारीहरु उपर पर्दछ । त्यसकारण, सम्बन्धित शाखाले ऋण, सामग्री एवं सिंचाई उपलब्ध गराउने निकायहरु र साथै बजार व्यवस्था मिलाउने संस्थाहरुसँग सम्पर्क स्थापित गर्नु पर्नेछ ।

२. कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखा तथा यस अन्तर्गतका सम्बन्धित पदाधिकारीहरुले कृषक समूह, गाउँपालिका, जि.स.स., राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग नियमित सम्पर्क राखु पर्नेछ ।

३. वडामा रहने कृषि प्राविधिकले स्थानीय राजनीतिज्ञ तथा निर्वाचित जनप्रतिनिधिहरुसँग पनि राम्रो सम्पर्क स्थापित गर्नु पर्दछ । यसको अलावा कार्यक्षेत्रमा रहेका सरकारी कार्यालय, स्थानीय निकायका पदाधिकारीहरु, स्कूलका शिक्षकहरु, व्यापारीहरु एवं सहकारी संस्थाका सदस्यहरुसँग वर्षको २ पटक समन्वय बैठक राखु पर्नेछ ।

२५. समूह गठनको लागि खर्च सम्वन्धमाः कुनै नयाँ कृषक समूह गठनको लागि आवश्यक पर्ने खर्च स्थानीय दररेट अनुसार समूह गठन गर्ने निकायले गर्नेछ भने समूहको अन्य खर्च जस्तै नियमित बैठक, साधारणसभा आदि लगायतमा लाग्ने अन्य खर्चहरु समूहको आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ ।

२६. कृषक समूहको आवद्धताः कृषि पेशाको माध्यामद्वारा कृषि क्षेत्रमा योगदान पुर्याउने उद्देश्यले सम्बन्धित सरकारी कार्यालयमा दर्ता भएका कृषक समूहहरु एवं कृषि सहकारीहरु सम्बन्धित स्थानीय, जिल्ला, प्रादेशिक र संघीय तहमा राष्ट्रिय कृषक समूह महासंघमा आवद्ध हुन सक्नेछ ।

२७. कृषक समूहको सहकारीकरणः कृषक समूहलाई वढी सक्रिय, प्रभावकारी, दिगो र कृषकहरुको उन्नतीमा झनै योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्य अनुभव भएको समूहले चाहेमा सहकारीमा परिणत गर्न सकिनेछ । सामान्यतः सहकारी ऐन अनुसार तोकिएको ढाँचा पुरा भएको अवस्थामा कृषि सहकारी संस्था दर्ता गर्न योग्य हुन सक्नेछन् । कृषक सहकारी संस्था गठन गर्दा देहायका आधार पूरा भएका संस्था वढी दिगो हुन सक्नेछन् ।

१. कृषक समूहको रुपमा ३ वर्षको अनुभव भएको ।
२. पर्याप्त वचत संकलन एवं सञ्चालन भएको ।
३. व्यवसायिक क्रियाकलापहरु सञ्चालन गर्न सक्षम भएको ।

साथै समूहको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति उक्त समूह भंग भएर वनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वतः हुनेछ ।

२८. प्रचलित कानुन बमोजिम हुनेः

यस निर्देशिकामा व्यवस्था भएका विषयका सम्वन्धमा सोहि बमोजिम र उल्लेख नभएका विषयका सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

घनश्याम गिरी
अध्यक्ष

२९. बाधा अड्काउ फुकाउने :

(१) यस निर्देशिका अनुसार कृषक समुह गठन तथा व्यवस्थापन कार्यमा बाधा अड्चन आइपरेमा विनयी त्रिवेणी गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(२) निर्देशिकाको संसोधन एवं खारेजी विनयी त्रिवेणी गाउँपालिकाले गर्न सक्नेछ ।

घनश्याम गिरी

अध्यक्ष

## अनुसूची - १

## कृषक समूहको विधानको नमुना

### परिचय

नेपालजस्तो विकासोन्मुख मुलुकको लागि समूहको अवधारण अत्यन्त महत्वपूर्ण छ । त्यसमा पनि कृषि विकासको सन्दर्भमा समूहले अझै अहम् भुमिका खेल्दछ । कृषकले भरिएको हाम्रो जस्तो देशमा सिमित जनशक्ति र श्रोत साधनबाट कृषकवर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढी खर्चिलो पनि हुने हुदाँ कृषक समूह सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ । यस सन्दर्भमा समूह गठन देखि लिएर संचालन र परिपक्व अवस्था नपुगेसम्म अत्यन्त सावधानी लिनुपर्ने हुन्छ । अलिकति समय बढी नै लगाएर समूहले मुर्तरुप पाउनु पर्दछ । स्वतः स्फुर्त समूहमात्र दिगो र स्वावलम्बी हुन्छन् । समूह गठन भएपछि समूह भित्र योजना तर्जुमा कार्यान्वयन अनुगमन, मूल्यांकनको साथै बैठक संचालन जस्ता कार्यहरु सही अर्थमा संचालन गर्नुपर्छ । समूहभित्रको पारदर्शिता, लोकतान्त्रिक अभ्यास र इमान्दारीताबाट समूह लक्ष्य र सुदृढ बन्ने कुरा निश्चित छ । कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित सामग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत वीउ एवं आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि कृषि विकास शाखा विनयी त्रिवेणी गाउँपालिकाको सहयोगमा श्री ........................ कृषक समूह गठन गर्‍यौं ।

**१. प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क) यस समूहको नाम " श्री ........कृषक समूह रहने छ।

ख) यो विधान समूह गाउँपालिकाको कृषि विकास शाखामा दर्ता भएपछि तुरुन्त लागु हुने छ ।

**१.२ परिभाषाः**

विषय र प्रसंगको अर्को अर्थ नलागेमा यो विधानमा

क) "समूह" भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आय आर्जन गर्न इच्छुक कृषकहरुको समूहलाई जनाउने छ ।

ख) "सदस्य" भन्नाले कृषक जो जैविककृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ ।

ग) "कार्य समिति" भन्नाले "विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) "साधारणसभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउने छ ।

**१.३ समूहको छापः** गोलोघेरा भित्र यस समूहको नाम श्री .................. कृषक समूह-२०.............विनयी त्रिवेणी गाउँपालिमा वडा नं ................ टोल............. नवलपरासी (ब.सु.पू) हुने छ ।

**१.४ यस समूहको कार्यालयः** समूहको कार्यालय नवलपरासी (ब.सु.पू) जिल्ला विनयी त्रिवेणी गाउँपालिका वडा नं. .......................टोल..........मा रहनेछ ।

घनश्याम गिरी
अध्यक्ष

१.५ कृषक समूह दर्ताः कृषक समूह दर्ता विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखामा दर्ता गर्नु पर्नेछ । साथै अनिवार्य रुपमा आन्तरिक राजस्व कार्यालयमा समेत दर्ता गरि स्थायी लेखा नम्वर लिनु पर्नेछ ।

२. उद्देश्य र कार्य

२.१ उद्देश्य

सदस्यहरुको सामाजिक, आर्थिक र व्यवसायिक हितलाई ध्यानमा राखी देहायका उल्लेखित समूहको उद्देश्य हुने छन् ।

क) कृषि व्यवसायलाई आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक र सामाजिक जिवनस्तर उठाउने ।

ख) सदस्यहरुमा स्वालम्बन, पारस्परिक सहयोग र मितव्ययीताको भावना श्रृजना गरी बचत गर्ने वानीको विकास गर्ने ।

ग) समूह सदस्यहरुले आफूहरुको आयआर्जन विस्तारमा वहुउद्देश्य वालीलाई प्राथमिकता दिने ।

समूहको विधानको दफा २.१ वमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिम कार्यहरु गर्नेछ ।

१. उन्नत प्रविधिबाट खेति गरी उत्पादन एवम् उत्पादकत्व बढाउने
२. विज वृद्धि गरी आत्मनिर्भर हुने,
३. उन्नत प्रविधि अपनाउने
४. कृषि उत्पादनवाट आय बृद्धि गर्ने
५. समूहबाट वजार व्यवस्थापन गर्ने
६. कृषकद्वारा उत्पादित वस्तुको मूल्यमा एकरुपता ल्याउने,
७. भण्डारणको व्यवस्था,
८. सदस्यको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालित गर्ने,
९. सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने,
१०. सदस्यहरु बिच स्वालम्बन, पारसस्परिक सहयोग एवं मितव्ययीता अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्धन गर्ने,
११. समूह सदस्यहरुमा उत्पादनशिल आयमुलक एवं सिपमुलक उद्देश्यका लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने, आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय क्षेत्र राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सहयोगात्मक भावना राख्ने,
१२. कृषि संग सम्बन्धित अन्य कृषक समूह, सहकारी, वित्तिय संघ संस्था सम्पक कायम गरि जानकारी एवम सूचना आदान प्रदान गर्ने,
१३. यस क्षेत्रको कृषकहरुद्वारा उठाइएको समस्याहरु कृषि विकास कार्यालय, अनुसन्धन कार्यालय तथा अन्य निकायहरुलाई सम्पर्क र जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने।
१४. उन्नत विउ, रासायनिक मल, सुधारिएको औजार, किटनाशक विषादी आदि विक्रि वितरण गर्ने
५. सिंचाई सुविधा उपलब्ध गराउने ।
६. खेती विकास योजाना तयार गर्न एवं पकेट प्याकेज कार्यक्रमलाई सहयोग पुयाउने ।
७. सघन कृषि विकास कार्यक्रमलाई सघाउ पुयाउने ।

घनश्याम गिरी
अध्यक्ष

१८. नगदे बाली उत्पादन, भण्डारण, प्रशोधन तथा बिक्रि वितरण व्यवस्था गर्ने ।

१९. उन्नत भुरा उत्पादन तथा बिक्री वितरण गर्ने ।

२०. माछा उत्पादन एवं उत्पादकत्व बढाउने ।

२१. उत्पादित माछाहरुको बिक्री वितरणको लागि बजार व्यवस्था गर्ने ।

२२. मत्स्य पालन सम्बन्धि प्राविधिक सेवा पुर्याउन सहयोग गर्ने ।

२३. कृषि उपज उचित मूल्यमा खरिद बिक्री तथा ढुवानी गर्ने ।

२४. कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने ।

२५. कृषि उपज प्रशोधन गर्ने ।

२६. प्रशोधित बस्तु उचित मूल्यमा बिक्री गर्ने ।

२७. श्रोत/ हितकोष संकलन गर्ने ।

२८. संकलित बचत हितकोषको प्रभावकारी परिचालन गर्ने ।

२९. समूह वा सदस्यलाई अवाश्यक ऋण उपलब्ध गराउने ।

३०. माथि उल्लेखित उद्देश्यहरु पुर्ति गर्न अन्य कार्यहरु गर्ने ।

३. सदस्यताः

